

कालु, बाढी र बिकास

बाँस्कोटा धनञ्जय
baskota69@gmail.com

जि.प्र.का.झापा द.नं.६९। ०५७/०५८ | सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता | राष्ट्रिय दैनिक

# पूर्वसन्देश

PURBA SANDESH NATIONAL DAILY

purbasandesh.com

❑ वर्ष-२१ ❑ अंक - २३१ ❑ २०८३ भाद्र २२ गते सोमबार ❑ Monday, 7 Sept. 2026 ❑ मूल्य ७ /-



**सिटी डेन्टल**

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ।

**यसको शाखा मधुमल्लामा पनि खुलेको छ ।**

दमक-६, झापा
**फाल्गुनन्द चौक**
फोन: ०२३-५७५४०९



ठूलो ट्याङ्कीमा कम्प्रेसर प्रविधियुक्त

**झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**

दमक :
**देवीप्रसाद सिटौला**
(९८४२७६०२६५/९८२४९७९१९५)



बिर्तामोड:
राजकुमार श्रेष्ठ
९८०६०१०४१०


## प्रधानमन्त्री राष्ट्रसंघ जाने

# सरकारले थाल्यो तयारी

**दमक/** प्रधानमन्त्री वालेन्द्र शाह संयुक्त राष्ट्रसंघको महासभामा भाग लिन जाने भएका छन् । यसअगाडि उनले आफू महासभामा नगएर परराष्ट्रमन्त्री शिशिर खनाललाई पठाउने निर्णय गरेका थिए । तर भदौ १० गते भोटेकोशीमा ठूलो बाढी आएर अकल्पनीय मानवीय र भौतिक क्षति भएपछि वालेन्द्रलाई राष्ट्रसंघमा गएर आफैं कुरा राख्न दवाब परेको थियो । उक्त दवाबबीच प्रधानमन्त्री शाहले महासभामा आफू पनि जाने निर्णय लिएका हुन् । उनको साथमा परराष्ट्रमन्त्री शिशिर खनाल पनि हुनेछन् ।

परराष्ट्र मन्त्रालय स्रोतका अनुसार महासभामा प्रधानमन्त्री जाने भएपछि तयारी थालिएको छ । 'प्रधानमन्त्रीसँगै परराष्ट्रमन्त्री पनि महासभामा जानुहुन्छ, तयारी गरिरहेका छौँ । विभिन्न विज्ञसँग परमार्शपछि सम्बोधन र नेपालले उठाउने विषय तय हुँदैछ', परराष्ट्रका अधिकारीले भने, 'प्रधानमन्त्री र परराष्ट्र मन्त्री र सानो टोली लिएर जानु हुनेछ । ती अधिकारीका अनुसार जलवायु परिवर्तनको संकट र कार्बन उत्सर्जनका कारण नेपालले भोगिरहेको समस्या प्रधानमन्त्रीले राष्ट्रसंघमा राख्नेछन् ।

भोटेकोशी बाढीको क्षतिलाई नै मुख्य मुद्दा बनाएर नेपालले राष्ट्रसंघमा कुरा राख्ने भएको छ । परराष्ट्र मन्त्रालयका अनुसार प्रधानमन्त्री महासभामा जाने टुंगो दुई दिनअघि लागेको हो ।

सुरुमा प्रधानमन्त्री नजाने भएपछि विपक्षीसँगै मिडिया र विज्ञले पनि दबाब दिएका थिए ।



प्रधानमन्त्री शाहलाई रास्वपा सभापति रवि लामिछानेले पनि महासभामा जान भनेका छन् । प्रधानमन्त्री शाह सहभागी हुने महासभाको कार्यक्रम सेप्टेम्बर ८ देखि न्यूयोर्कमा सुरू हुनेछ। प्रधानमन्त्रीको यो पहिलो विदेश भ्रमण पनि हुनेछ । छिमेकी मुलुक भारत र चीनसमेत नगई उनी अमेरिका र राष्ट्रसंघमा जान लागेका हुन् । अब उनीमाथि नेपालले जलवायु परिवर्तनबाट भोगिरहेको बाँकी ४ पेजमा ▸▸

## बाढी प्रभावित क्षेत्रमा दलहरु

# सम्पूर्ण शक्ति उद्धार र राहतमा

पूर्वसन्देश समाचार



**दमक/** सत्तारुढ दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले रसुवा बाढीपछि पार्टीको सम्पूर्ण शक्ति उद्धार र राहतमा केन्द्रित गरेको छ । सरकार र स्थानीय तहसँग समन्वय गर्दै उद्धार तथा राहतका लागि पार्टीका सम्पूर्ण संयन्त्र परिचालन गरिएको रास्वपा संसदीय दलका उपनेता गणेश पराजुलीले बताए । रास्वपाले बाढी पीडितहरूको उद्धार तथा राहतका लागि ५० लाख रुपैयाँ आर्थिक सहयोग गर्ने घोषणा गरेको थियो ।

बाढी गएपछि हामीले पार्टीका सम्पूर्ण राजनीतिक तथा सांगठनिक गतिविधिहरू अनिश्चितकालका लागि स्थगित गरी सबै शक्ति विपद् व्यवस्थापनमा केन्द्रित गरेको नेता पराजुलीको भनाइ छ ।

'राहत वितरणलाई पारदर्शी र प्रभावकारी बनाउन एकद्वार प्रणालीबाट मात्र सहयोग गर्ने पार्टीको नीति अनुसार रास्वपाले विपद् व्यवस्थापनका लागि केन्द्रदेखि स्थानीय तहसम्मका पार्टी समिति, सदस्य र शुभचिन्तकहरूलाई समेत स्थानीय प्रशासन र सुरक्षा निकायसँगको समन्वयमा उद्धार र राहतमा खटाएको छ', पराजुलीको भनाइ छ ।

पार्टीबाट अलग्गै नभई सरकारले परिचालन गरेका खोज, राहत र उद्धार लगायतका सेवाका प्रक्रियालाई सहजीकरण गर्न रास्वपा लागि परेको रास्वपाको भनाइ छ ।

'देशभरिबाट आएको राहत सामग्रीको सहजीकरण गर्ने कामका साथै सरकारले राखेका होल्डिङ सेन्टरहरूमा पुऱ्याउने, प्याकिङ गर्ने र मागअनुसार लगिदिने काम भएको छ', पराजुली भन्छन्, 'प्रभावित पालिकाका जनप्रतिनिधिको समन्वयमा काम गरेका छौं ।'

सडक सञ्जाल भएका ठाउँमा सहजै राहत सामग्री पुगेको भन्दै कतिपय स्थानमा हेलिकोप्टरबाट पुऱ्याउने काम भएको बताए । 'बाढीले कतिपय मानिसको सबै कुरा बगाएको छ । कतिपयको शरीरमा लगाउने लुगासमेत छैन', पराजुलीले भने, 'पीडित कतिपयलाई न्यूनतम बाँच्नका लागि सबै कुरा आवश्यक देखिन्छ ।' उनले तत्काल खाद्यान्न, लत्ताकपडा, त्रिपाल, औषधि, खानेपानी लगायतको व्यवस्था भइरहेको भन्दै अब विस्तारै पुनर्बासको काममा लाग्नुपर्ने अवस्था रहेको बताए ।

'तत्कालीन र दीर्घकालीन रुपमा गर्नुपर्ने कामका लागि सम्बन्धित मन्त्रालयहरूसँगको समन्वय गर्ने काम भइरहेको छ', उनले भने, 'कनेक्टीभिटीमा धेरै काम गर्नुपर्ने अवस्था छ ।'

अहिले उद्धारअन्तर्गत ज्यान बचाउने र सुरक्षित ठाउँमा राख्ने र साथसाथै कनेक्टिभिटीको काम अघि बढाएर त्यसपछि सुरक्षित आवासका लागि सरकारले गर्ने काममा समन्वय गर्ने रास्वपाले जनाएको छ । ठुला दलमात्र होइन, बाढीपछि श्रम संस्कृति, राप्रपा, प्रलोपा, जसपा नेपाललगायतका राजनीतिक बाँकी ४ पेजमा ▸▸

# दमक जेसीज सप्ताह समापन




दमक । दमक जेसीज वर्ष २०२६ को जेसी सप्ताह आइतबार एक समारोहका बीच समापन भएको छ । दमक जेसीजका अध्यक्ष राजेन्द्र बिमलीको अध्यक्षतामा आयोजित सो कार्यक्रमको प्रमुख आतिथ्यता दमक नगरप्रमुख रामकुमार थापाको रहेको थियो ।

दमक जेसीजका महासचिव रूवल अधिकारीले सञ्चालन गरेको समापन कार्यक्रममा दमक उद्योग वाणिज्य संघका अध्यक्ष गोपाल गुरागाई, दमक जेसीज बोर्ड अफ ट्रस्टिजका अध्यक्ष गञ्जबहादुर दाहाल, पूर्व अध्यक्ष नरेन्द्र बरालले शुभकामना मन्तव्य राखेका थिए ।

# हंसेदुम्से वनमा दंगाल प्यानलनै विजयी



**दमक/** दमकको एकमात्र सामुदायिक बन हंसे दुम्से सामुदायिक वन उपभोक्ता समूहको अध्यक्षमा युवा व्यवसायी योगराज दंगाल निर्वाचित भएका छन् । राप्रपा दमक-२ का वडाध्यक्षसमेत रहेका दंगालले नेपाली कांग्रेसका वडा सभापतिसमेत रहेका आफना प्रतिष्पर्धी भागवत दुलाललाई पराजित गर्दै अध्यक्षमा निर्वाचित भएका हुन् ।

दमक २ स्थित वन समूहको आफनै कार्यालयमा आइतवार विहान ८ वजेदेखि २ वजेसम्म मतदान भएको थियो । निर्वाचनमा दंगालले ७५ मत प्राप्त गरि विजयी हुदाँ पराजित दुलालले ४४ मत प्राप्त गरेका थिए । दुलाल यसअघि करिब १० वर्षदेखि यही समितिको कार्यसमिति सदस्यका रूपमा रहेर काम गरिआएका थिए ।

दमक फन पार्कका सञ्चालकसमेत रहेका दंगाललाई राप्रपासहित नेकपा एमाले, नेकपा तथा अन्य दलको समेत समर्थन रहेको थियो। दुलाल भने नेपाली कांग्रेसको तर्फबाट समर्थनमा उम्मेदवार बनेका थिए ।

यस्तै, उपाध्यक्षमा दंगाल समूहकै उम्मेदवार नन्दीकेशर दंगाल ले ६ मत अग्रताका साथ निर्वाचित भए । उनले ६३ मत प्राप्त गर्दा उहाँका निकटतम प्रतिस्पर्धी चन्द्रवीर विश्वकर्माले ५७ मत प्राप्त गरेका थिए ।

सचिवमा अध्यक्ष दंगालकै प्यानलका उम्मेदवार शुष्मा देवी अधिकारी ७१ मत प्राप्त गरी विजयी भईन् । उनकी प्रतिस्पर्धी टुकाकुमारी बस्नेत बाँकी ४ पेजमा ▸▸

# हत्या आरोपी कारागार चलान

**सोलुखुम्बु/** सोलुखुम्बुको सोलुदुधकुण्ड नगरपालिका-११ तिङलाको गञ्जेडाँडाका ४५ वर्षीय टोइबहादुर कटुवालको हत्या आरोपमा पक्राउ परेका तीन जनालाई अदालतको आदेशपछि पूर्पक्षका लागि कारागार तथा बाल सुधार गृह पठाइएको छ ।

जिल्ला अदालत सोलुखुम्बुको आदेश बमोजिम मुख्य प्रतिवादी सोलुदुधकुण्ड-११ राम्पाका २१ वर्षीय विनोद खड्कालाई कारागार कार्यालय सल्लेरी र घटनामा संलग्न अन्य दुई बालकलाई बालसुधार गृह विराटनगर पठाइएको जिल्ला प्रहरी कार्यालय सोलुखुम्बुका सूचना अधिकारी निर्मल थापाले जानकारी दिए ।

गत साउन २३ गते बिहान कटुवाल आफ्नै कोठाभित्र मृत अवस्थामा फेला परेका थिए । घटनाको प्रकृति शंकास्पद देखिएपछि जिल्ला प्रहरी कार्यालय सोलुखुम्बुबाट प्रहरी नायब उपरीक्षक नवीन राजा बुढाथोकीको कमाण्डमा खटिएको विशेष टोलीले अनुसन्धान अघि बढाएको थियो । प्रहरी अनुसन्धानका क्रममा नियन्त्रणमा लिइएका खड्काले साउन २२ गते बेलुकी मृतकसँगै मादक पदार्थ सेवन गर्ने क्रममा विवाद हुँदा चक्कु प्रहार गरी घाँटी रेटेर कटुवालको हत्या गरेको स्वीकार गरेको प्रहरीले जनाएको छ ।

# गगन थापा र डा.शेखर कोइरालाबिच भेटवार्ता



**दमक/** नेपाली कांग्रेसका नेता डा.शेखर कोइराला र नेता गगन थापाबिच आइतबार भेटघाट भएको छ । भेटका क्रममा दुई नेताबिच कांग्रेस पार्टीभित्रको आन्तरिक समस्या समाधानका विषयमा विस्तृत कुराकानी भएको छ ।

भेटमा डा.शेखर कोइरालाले अहिले देश, लोकतन्त्र र राष्ट्रियता अप्ठ्यारो अवस्थामा पुगेकाले कांग्रेस पार्टी एक ढिक्का हुनुको विकल्प नरहेको औँल्याएका छन् । यसका लागि आ ँनो तर्फबाट जे-जति त्याग गर्न बाँकी ४ पेजमा ▸▸






नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
**राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम**
**कार्यक्रम कार्यान्वयन एकाई, तेह्रथुम**
कार्यक्षेत्र : तेह्रथुम/धनकुटा
कोशी प्रदेश, नेपाल

# सूचना ! सूचना !! सूचना !!!

***(प्रथम पटक प्रकाशित मिति: २०८३/०५/१५ गते***

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाइ, तेह्रथुमको आ.व. २०८३/८४ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार जोन कार्यक्षेत्र अन्तर्गत अलैंची, सुन्तला र तरकारीको उन्नत प्रविधिसहित क्षेत्रफल विस्तार, अलैंची तथा सुन्तलाको बगैंचा सुदृढीकरण, सुधारिएको आधुनिक अलैची भट्टी निर्माण, सिँचाइ पूर्वाधार निर्माण तथा मर्मत सम्भार, अलैंची नर्सरी स्रोत केन्द्र स्थापना, कृषि यान्त्रीकरण सहयोग, चक्लाबन्दीमा आधारित खेती सहयोग कार्यक्रम तथा जिल्लास्तरमा कृषि तथा पशुपन्छी उद्यमशीलता कार्यक्रम सञ्चालन गर्नका लागी नियमानुसार संस्था दर्ता तथा नवीकरण गरि पान नम्बर लिएको र आ.व २०८२/८३ सम्मको करचुक्ता गरेको इच्छुक कृषक, कृषि फर्म, कृषक समूह तथा कृषि सहकारीबाट प्रस्ताव आह्वान गरिएको छ ।

इच्छुक आवेदकहरूले आवश्यक कागजातसहित सूचना प्रकाशित भएको मितिले कृषि तथा पशुपन्छी उद्यमशीलता कार्यक्रमको हकमा मिति २०८३ साल असोज ५ गते र जोन विकास कार्यक्रमको हकमा मिति २०८३ साल असोज १३ गते सम्म कार्यालय समय भित्र कार्यक्रम कार्यान्वयन एकाइ, तेह्रथुम वा पायक पर्ने जोन प्राविधिक एकाइ, धनकुटा र सिँधुवामा प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

विस्तृत जानकारीका लागि कार्यक्रम कार्यान्वयन एकाइ, तेह्रथुमको सूचनापाटी तथा वेबसाइट एवं सम्बन्धित स्थानीय तह र वडा कार्यालयमा प्रकाशित सूचना हेर्नुहुन अनुरोध गरिन्छ ।

कार्यालय प्रमुख
**कार्यक्रम कार्यान्वयन एकाइ, तेह्रथुम**

# सम्पादकीय

## विपद्का पीडितप्रति समर्पित रथयात्रा

भगवान श्रीकृष्ण जन्माष्टमी केवल धार्मिक आस्था र उत्सवको पर्व मात्र होइन, सत्य, न्याय, प्रेम, करूणा र मानवीय कर्तब्यको स्मरण गराउने अवसर पनि हो । यही भावनालाई आत्मसात् गर्दै कोशी प्रदेशका झापा, मोरङ, सुनसरीलगायत विभिन्न स्थानमा यस वर्ष निकालिएको श्रीकृष्ण रथयात्राले परम्परागत धार्मिक उत्सवलाई मानवीय संवेदनासँग जोड्ने अनुकरणीय सन्देश दिएको छ ।

हरेक वर्ष उल्लास र भक्तिभावका साथ निकालिने रथयात्रा यसपटक भने केही फरक भावभूमिमा सम्पन्न भएको छ । भदौ १० गते रसुवामा आएको भीषण बाढीले पुऱ्याएको मानवीय तथा भौतिक क्षतिले सिंगो देशलाई स्तब्ध बनाएको अवस्थामा रथयात्रालाई त्यस विपद्का पीडितप्रति समर्पण गर्नु धार्मिक आस्थासँगै सामाजिक उत्तरदायित्वको सुन्दर उदाहरण हो । उत्सवका बीच पीडामा रहेका नागरिकलाई सम्झनु र उनीहरुको दुःखमा ऐक्यबद्धता जनाउनु नै धर्मको वास्तविक मर्म हो । बाढीपहिरो जस्ता प्राकृतिक विपद्ले घर, सम्पत्ति र पूर्वाधार मात्र बगाउँदैनन्, परिवारका सपना र भविष्यसमेत तहसनहस पार्छन् । यस्तो अवस्थामा मृतकप्रति श्रद्धाञ्जली अर्पण गर्नु, घाइतेको शीघ्र उपचारको ब्यवस्था गर्नु, बेपत्ताको खोजीलाई तीव्रता दिनु र विस्थापित तथा पीडित परिवारको पुनःस्थापनामा राज्य र समाजले प्रभावकारी भूमिका खेल्नु अपरिहार्य हुन्छ । यस वर्षको रथयात्राले यी मानवीय दायित्वप्रति ध्यानाकर्षण गराउनु आफैंमा महत्वपूर्ण सन्देश हो ।

धार्मिक पर्व र सांस्कृतिक परम्पराहरु समाजलाई जोड्ने माध्यम हुन् । त्यसैले यस्ता अवसरलाई केवल प्रदर्शन, मनोरञ्जन र भीडभाडमा सीमित गर्नु हुँदैन । दुःखमा परेका नागरिकको हात समात्ने, विपत्ति परेकालाई सहयोग गर्ने र समाजमा सहानुभूति तथा सद्भाव बढाउने माध्यम बनाउन सकिए धार्मिक उत्सवको अर्थ अझ ब्यापक र सार्थक हुन्छ । श्रीकृष्णको जीवन र शिक्षाले पनि अन्यायविरूद्ध उभिन, सत्यको पक्ष लिन र कर्तब्यबाट विमुख नहुन प्रेरणा दिन्छ । यस अर्थमा, यस वर्षको रथयात्रा एउटा धार्मिक समारोहभन्दा माथि उठेर राष्ट्रिय पीडाप्रति सामूहिक संवेदना ब्यक्त गर्ने अभियान बनेको छ । तर श्रद्धाञ्जली र संवेदना ब्यक्त गरेर मात्र हाम्रो दायित्व पूरा हुँदैन । विपद्पछिको उद्धार, राहत, उपचार, बेपत्ताको खोजी र दीर्घकालीन पुनःस्थापनाका काममा राज्य, स्थानीय तह, नागरिक समाज, धार्मिक तथा सामाजिक संस्थाहरु र आम नागरिकबीच निरन्तर सहकार्य आवश्यक छ ।

उत्सव सकिन्छ, रथ थन्किन्छ र भीड आ(आफ्नो घर फर्किन्छ । तर विपद्का पीडितको पीडा त्यति छिटो सकिँदैन । त्यसैले रथयात्राले बोकेको यो मानवीय सन्देश उत्सवसँगै समाप्त हुनु हुँदैन । मृतकप्रति श्रद्धा, घाइतेप्रति सहयोग, बेपत्ताप्रति खोजी र पीडितप्रति पुनःस्थापनाको प्रतिबद्धता ब्यवहारमा रुपान्तरण गर्न सके मात्र यस वर्षको रथयात्राको वास्तविक उद्देश्य पूरा हुनेछ । धर्मले मानवलाई मानवसँग जोड्छ । त्यसैले यसपटक विपद्का पीडितप्रति समर्पित गरिएको श्रीकृष्ण रथयात्राले दिएको मूल सन्देश यही हो(उत्सव हाम्रो हो, तर दुःख पनि हाम्रो साझा हो । पीडामा परेकालाई साथ दिनु नै साँचो धर्म हो ।

# कालु, बाढी र बिकास



बाँस्कोटा धनञ्जय
baskota69@gmail.com

**भविष्यमा 'बिकासको मोडल' कस्तो बनाउने भनेर सोच्ने बेला आएको छ । 'मानव सभ्यता, ऋषिमुनिहरुको आश्रम नदी किनारमै भएको थियो' भन्ने बिकासको सनातन मोडल अब असफल भइसक्यो ।**

म आज पर्याय साहित्यको कुरा किन उठाउँदै छु, सबैलाई जग जाहेरै छ भन्ने लाग्छ । भदौ १० गते भोटेकोशीमा आएको बाढीले जुन क्षति गऱ्यो, त्यो यो शातब्दीकै सबैभन्दा भयाभह प्राकृतिक प्रकोप बन्यो हाम्रो संदर्भका लागि । अनि यो प्रकोप हाम्रा कारणले भएको पनि थिएन । तर सजाय हामीले पायौं । 'मकै खाने कालु, कुटाइ खाने कालु' भने जस्तै भयो ।

वास्तवमा मकै कसले खाएका हुन् ? निले कसरी खाए ? अनि कुटाइ हामीले किन खायौं ? यी प्रश्नका उत्तर खोज्ने समय हो यो । यसको खोजी गर्ने काम अनुसन्धानकर्ताहरूको हो । विज्ञहरूको हो । राजनीतिक नेतृत्वको हो । मकै खाने को को हुन भनेर यसो अध्ययन गर्दा 'ग्लोबल कार्बोन बजेट (२०२५)' ले निकालेको तथ्यांक अनुसार धेरै कार्बोन उत्सर्जन गर्दै भूमण्डली तापक्रम बढाएर प्रकृतिलाई असन्तुलित बनाउन भूमिका खेल्ने कालुहरू यस्ता देखिए:

| देश | CO2 उत्सर्जन् |
|---|---|
| चीन | ३२ % |
| अमेरिका | १३ % |
| भारत | ८ % |
| युरोपीय युनियन् | ६ % |
| रसिया | ५ % |
| जापान | २ % |

यो तथ्यांकले त झन के देखाउँछ भने कार्बोन 'उत्पादन' गर्ने विश्वकै पहिलो र तेस्रो कालुहरूको बीचमा चेप्टिएका छौं हामी । तर समस्या के छ भने कोही एउटाको पाद मीठो लाग्ने र अर्कालाई गाली गरेर 'राजनीतिको जीलो टार्नेहरू' छौं भने कोही अर्काको पाद मीठो लाग्ने र अर्कोलाई गाली गरेर 'राजनीतिको जीलो टार्नेहरू' छौं । यसै चिन्तनका भरमा हाम्रा भान्सामा 'आगो बल्न' पाएको छ ।

तर अहिले ती भान्सामा फरक मान्छेहरू आएर होला, तिनले 'मकैको क्षतिपूर्ति तिनै कालुले तिर्नुपर्छ' भन्न भ्याइरहेका छन् । यो कतिपयलाई सुन्न असहज लागे पनि सत्य कुरा यही हो । भारतीय मिडियाहरूले सुरूमा यो 'क्षतिपूर्ति' माग्ने नेपालको आधिकारिक कुरा उठेपछि आपत्ति जनाए, तर अहिले आएर तिनलाई ज्ञान आयो किनभने बाढी आउँदा नेपाली मात्रै रूँदैनन । भारतमा पनि रूवाउँछ । अंतिममा बाढी जाने त त्यतै हो । विश्व समुदायले नेपालको यो 'जसले मकै खान्छ उसैले बिगो तिर्छ' को सिद्धान्तलाई समर्थन जनाइरहेका छन् । भारत पनि यसको पक्षमा उभिएको देखिन्छ । चीन र अमेरिका बोलेका छैनन् ।

यो त अहिलेको पाटो भयो पुननिर्माण गर्ने सवालमा । तर भविष्यमा 'बिकासको मोडल' कस्तो बनाउने भनेर सोच्ने बेला आएको छ । 'मानव सभ्यता, ऋषिमुनिहरूको आश्रम नदी किनारमै भएको थियो' भन्ने बिकासको सनातन मोडल अब असफल भइसक्यो । 'एकीकृत बस्ती योजना' बनाएर त्यसै अनुसारको बिकासको मोडल नल्याएसम्म बाढी पहिरोमा यति मरे, उति मरे भनेर 'समाचार बेच्न' बाहेक केही हुँदैन । किनभने बर्षेनी यस्ता कथा किन दोहोरिरहन्छन् ? हल गर्नु पर्दैन ? खोला किनार देख्नै नहुने, आफ्ना कार्यकर्तालाई बसाइहाल्नु पर्ने, राजनीति त्यहींबाट गरिहाल्नु पर्ने, बर्षेनी भेल बाढीका नाममा फोटा खिच्न र 'भोटका लागि सहानुभूति बटुल्न' त्यहाँ पुग्नै पर्ने सत्य समयबाट गुज्रिएर हामी यहाँ आइपुगेका छौं । अब पनि यसैको निरन्तरता हो ? खोला किनारबाट बर्षेनी यस्तै कथा बनाएर 'राजनीतिको जीलो टारेका' हरूले अब त थाहा पाए होला नि अस्ति काठमाडौका खोला किनारका 'अनधिकृत बस्तीहरू' हटाएको किन रहेछ ? यो मोडल देशैभर लागु गर्न अब यो समय बाध्य छ ।

अहिले मैले देखें, सदनमा सांसदहरूले क्षतिपूर्ति मागे धेरै ग्यास उत्सर्जन गर्ने मुलुकहरूबाट । तिनका कुरा सुन्दै गर्दा मैले निकै अघि पढेको बेलायती कवि फिलिप लार्किनको सन् १९७२ मा लेखिएको कविता 'गोइङ गोइङ' को याद आयो । अहिले 'पर्या साहित्य' भनेर निकै चर्चा गरिन्छ, तर आधा शताब्दी अघि नै लार्किनले पर्या कविता लेखेका थिए । र भनेका थिए ( कृपया, लण्डनलाई बचाउनुहोस ।

अब हामीले पनि आफ्नो देश र मानव सभ्यता, जो प्रकृतिसंग पूरै जोडिएको छ, लाई बचाउने कविता लेख्नु छ । जाँदा जाँदै लार्किनको मैले नेपालीकरण गरेको बविता पनि पढौं है त, र यस कविताको अंतिम हरफ पनि हेरौं है त : 'यो चाँडै आउने छ' । यो चाँडै आएको भनेको भोटेकोशीको अस्तिको बाढी नै हो । लार्किनको भविष्यबाँणी यही पुगेको प्रतीत भएको छ अहिले ।

### गोइङ गोइङ

◆ *फिलिप लार्किन्*

*मलाई लाग्थ्यो, आजीवन यो रहिरहनेछ(*
*यो विश्वास कि सहरभन्दा पर,*
*सधैं खेतीका फाँटहरू हुनेछन्,*
*जहाँ नढालिएका रूखहरूमाथि*
*गाउँका केटाकेटी चढ्न सक्नेछन्*
*मलाई थाहा छ, पत्रपत्रिकामा*
*पुराना गल्लीहरूबारे झूटा हल्ला चल्नेछन्*
*:*
*बहुस्तरीय बजारहरूबारे पनि,*
*केही ठाउँहरू त*
*यतिन्जेलसम्म जोगिएकै छन्,*
*अनि जब पुरानो बस्ती हट्नेछ,*
*निराशाजनक गगनचुम्बी भवनहरू ठडिँदै गर्दा,*
*हामी गाडी चढेर*
*कतै टाढा हुईंकिन सक्नेछौं ।*

*प्रकृति हामीभन्दा कठोर छ*
*जसरी पृथ्वीले सधैं प्रत्युत्तर दिनेछ,*
*हामीले त्यसलाई जति नै अस्तव्यस्त पारौं;*
*मन लागे समुद्रमा फोहोर फालौं(*
*तर ज्वारभाटापारि पानी फेरि स्वच्छ हुनेछ ।*
*(तर अहिले म के महसुस गर्छु?*
*संशय? वा केवल उमेरको प्रभाव?*
*एम(वनको क्याफेमा भीड*
*अझै जीवन्त छ;*
*तिनका केटाकेटीहरू चिच्याइरहेका छन्*
*(अझै चाहियो !*
*थप घरहरू, थप पार्किङको अनुमति,*
*थप काराभान बस्ने ठाउँहरू, थप ज्याला ।*
*व्यापारिक पृष्ठमा चस्माधारी*
*हाँसोका समर्थन् आइरहेछन् ।*

*कुनै कम्पनी कब्जा गर्ने प्रस्ताव स्वीकार*
*जसमा पाँच प्रतिशत नाफा सुनिश्चित छ*
*(र नदीमुखहरूमा दस प्रतिशत अझ बढी):*
*आफ्ना कारखानाहरू सार(*
*अछुतो रहेका ती उपत्यकातिर,*
*'ग्रे एरिया' अनुदान पाइन्छ !*
*र जब*
*गर्मीमा समुद्रको नजिक पुग्न*
*तिमी प्रयास गर्छौ, तिमी नै रहन्नौ*
*अहिले त यस्तो लाग्छ,*
*सबै कुरा शसक्त भइरहेछ;*
*पहिलोपटक,*
*यति धेरै खुला भूमि बाँकी हुँदाहुँदै पनि,*
*मलाई कताकता लाग्छ(*
*यो अब टिक्नेवाला छैन,*

*कि म मर्नुअघि नै*
*सम्पूर्ण भूभाग इँटाले छोपिनेछ,*
*पर्यटकहरूका लागि छुट्याइएका*
*ठाउँहरूबाहेक(*
*युरोपको पहिलो झुपडपट्टी पनि अस्ताउने*
*छ*
*त्यो उपाधि जित्न गाह्रो हुने छैन,*
*ठग र वेश्याहरूको*
*एउटा समय जन्मिने छ ।*

*र त्यसपछि इङ्ल्यान्ड हराइसकेको हुनेछ(*
*ती छायाँहरू, ती घाँसे मैदानहरू, ती*
*गल्लीहरू,*
*ती हलहरू, गायकदीर्घाहरू ।*
*पुस्तकहरू रहनेछन्; त्यसको स्मृति सिर्फ*
*सङ्ग्रहालयका दीर्घाहरूमा टिकिरहनेछ ;*
*तर हाम्रा लागि बाँकी रहनेछ*
*कङ्क्रिट र गाडीका टायरहरू मात्र ।*

*धेरैजसो कुराहरू शास्वत छन्*
*तर सायद यो पनि रहनेछैन;*
*तर लोभ र फोहोर यति मजबुत छन्*
*कि अब तिनलाई बढारेर हटाउन सकिँदैन,*
*न त तिनलाई 'आवश्यकता' साबित गर्ने*
*कुनै बहाना नै सिर्जना गर्न सकिन्छ ।*
*मलाई केवल यस्तो लाग्छ-*
*यो चाँडै नै हुनेछ ।*

- दमक, झापा

# सामाजिक सञ्जाल

## अमेरिकाद्वारा आफ्ना नागरिकलाई नेपालको रसुवा क्षेत्रमा यात्रा नगर्न आग्रह

दमक⁄ संयुक्त राज्य अमेरिकाले नेपालका लागि आफ्नो 'ट्राभल एडभाइजरी'मा सुधार गर्दै पर्यटक तथा आफ्ना नागरिकलाई नेपाल भ्रमणका क्रममा बढी सतर्कता अपनाउन आग्रह गरेको छ । अमेरिकी विदेश मन्त्रालयले सेप्टेम्बर ४, २०२६ मा जारी गरेको नयाँ यात्रा सुझावमा नेपाललाई 'दोस्रो स्तरको बढी सतर्कता अपनाउनुहोस्' श्रेणीमा राखिएको छ भने रसुवा जिल्लाको केही क्षेत्रलाई भने 'चौथो स्तरको यात्रा नगर्नुहोस्' श्रेणीमा राखिएको छ । अमेरिकी विदेश मन्त्रालयले विशेषगरी रसुवागढी-टिमुरे-स्याफ्रुबेँसी क्षेत्र तथा नेपाल-चीन सीमा नाकामा कुनै पनि कारणले यात्रा नगर्न आग्रह गरेको छ । ठूलो बाढी र पहिरोबाट उक्त क्षेत्रमा व्यापक क्षति पुगेको, यातायात तथा सञ्चार सेवा प्रभावित भएको र अझै खोज, उद्धार तथा पुनःस्थापना कार्य जारी रहेकाले जोखिम उच्च रहेको अमेरिकाको भनाइ छ ।

यात्रा सुझावमा उक्त क्षेत्रमा थप बाढी र पहिरोको सम्भावनासमेत रहेको उल्लेख गरिएको छ । प्रभावित क्षेत्रअन्तर्गत भोटेकोशी, त्रिशूली र नारायणी नदी आसपासका बस्तीहरू पनि समेटिएका छन् । अमेरिकी विदेश मन्त्रालयले नदी किनार, होचा भूभाग, क्षतिग्रस्त पुल तथा अस्थिर भिरालो क्षेत्रबाट टाढा रहन यात्रुलाई आग्रह गरेको छ ।

त्यस्तै, नेपाली अधिकारीले जारी गरेका उद्धार, विस्थापन तथा सुरक्षा निर्देशनको पालना गर्न पनि सुझाव दिइएको छ । हराइरहेका आफन्त वा व्यक्तिको खोजी गर्न भन्दै सर्वसाधारण वा विदेशी नागरिकले आफैं विपद् प्रभावित क्षेत्रमा प्रवेश नगर्न अमेरिकी विदेश मन्त्रालयले स्पष्ट चेतावनी दिएको छ । अमेरिकी यात्रा सुझावमा नेपाल नियमित रूपमा भूकम्प, बाढी र पहिरोको जोखिममा रहने मुलुकका रूपमा उल्लेख गरिएको छ । भूकम्प अचानक र पूर्वसूचनाबिनै आउन सक्ने तथा काठमाडौं उपत्यका पनि त्यसबाट प्रभावित हुन सक्ने चेतावनी दिइएको छ ।

विशेषगरी जुनदेखि सेप्टेम्बरसम्मको मनसुन अवधिमा भारी वर्षाका कारण अचानक आउने बाढी र पहिरोले सडक अवरुद्ध गर्ने, भवन तथा पूर्वाधारमा क्षति पुर्याउने र आपत्कालीन अवस्थामा उद्धार तथा सहायता प्राप्त गर्न कठिन बनाउने अमेरिकी विदेश मन्त्रालयले जनाएको छ ।

त्यसैगरि, यात्रा सुझावमा नेपालका स्वास्थ्य तथा आकस्मिक उपचार सेवाको क्षमतासमेत सीमित रहेको उल्लेख गरिएको छ । काठमाडौंका अस्पताल अन्य क्षेत्रको तुलनामा तुलनात्मक रूपमा राम्रो भए पनि त्यहाँ भीडभाड हुने, आवश्यक उपकरण तथा औषधिको अभाव हुन सक्ने र उपचारअघि नै शुल्क मागिने अवस्था हुन सक्ने जनाइएको छ । विदेशी नागरिकको उपचार खर्च नेपाल सरकारले व्यहोर्दैन भन्दै अमेरिकी नागरिकलाई आफूलाई आवश्यक औषधि साथमै लैजान तथा यात्रा स्वास्थ्य बीमा गर्न सुझाव दिइएको छ । नेपाल भ्रमण गर्ने निर्णय गरेका आफ्ना नागरिकलाई अमेरिकी सरकारले स्थानीय सञ्चारमाध्यममार्फत तत्कालीन सूचना तथा विपद्सम्बन्धी समाचार नियमित रूपमा हेर्न र आवश्यक परे यात्रा योजना परिवर्तन गर्न आग्रह गरेको छ ।

## सामाजिक सञ्जालमा सिकेको ज्ञानबाट ड्रागन खेती



दमक⁄ सामाजिक सञ्जालमा कृषि प्रविधिसम्बन्धी सामग्री हेरेर सिकेको ज्ञानलाई व्यवहारमा उतार्दै शिवराज नगरपालिका-५ नौडिहवाका किसान रामप्रसाद बेलवासेले व्यावसायिक ड्रागन फ्रुट खेती सुरु गरेका छन् ।


करिब डेढ वर्षअघि चार कट्ठा जमिनमा सुरु गरिएको खेतीबाट उनले हालसम्म तीन पटक फल उत्पादन गरिसके । रुपन्देहीको रानीबगियाबाट ६२८ बिरुवा खरिद गरी १५७ पोलमा चार-चार वटा बिरुवा रोपेर खेती सुरु गरिएको बेलवासेले बताए । उनले प्रतिबिरुवा रु १६० का दरले खरिद गरेका हुन् । बिरुवा अझै पूर्ण रूपमा परिपक्व नभएकाले उत्पादन बढ्न केही समय लाग्ने उनको भनाइ छ । "अहिलेसम्म तीन पटक फल टिपेका छौँ । चौथो पटक फल टिप्ने तयारीमा छौँ । आगामी वर्षदेखि उत्पादन उल्लेखनीय रूपमा बढ्ने अपेक्षा गरेको छु," उनले भने ।

ड्रागन फ्रुटको बजार राम्रो भएकाले बिक्रीका लागि समस्या नरहेको बेलवासेले बताए। उनका अनुसार अहिले प्रतिकिलोग्राम रु ४०० सम्ममा बिक्री भइरहेको छ । फल उत्पादन भएपछि ग्राहकहरू घरमै आएर खरिद गर्ने गरेको उनले बताए ।

युट्युबबाट खेतीसम्बन्धी जानकारी लिएर नयाँ बालीतर्फ आकर्षित भएको बताउँदै बेलवासेले सिँचाइको अभावलाई खेतीको मुख्य चुनौतीका रूपमा लिएका छन् । रोग तथा कीरा व्यवस्थापनका लागि थप प्राविधिक ज्ञान आवश्यक रहेको उनको भनाइ छ । चितवनको हावापानी ड्रागन फ्रुट खेतीका लागि बढी अनुकूल मानिए पनि कपिलवस्तुमा उचित व्यवस्थापन गर्न सके राम्रो उत्पादन लिन सकिने उनले बताए । जिल्लामा अत्यधिक गर्मी हुने भएकाले भने खेती व्यवस्थापनमा केही कठिनाइ हुने गरेको उनको अनुभव छ । कृषि ज्ञान केन्द्र कपिलवस्तुका प्रमुख घनश्याम चौधरीले जिल्लामा ड्रागन फ्रुट खेतीको क्षेत्रफलसम्बन्धी यकिन अभिलेख नरहे पनि साना तथा छरिएर खेती सुरु हुन थालेको बताए । व्यावसायिक सम्भावना, राम्रो बजार र आकर्षक मूल्यका कारण किसानमा ड्रागन फ्रुट खेतीप्रति आकर्षण बढ्दै गएको उनले बताए । परम्परागत बालीसँगै नयाँ तथा बढी आम्दानी दिन सक्ने फलफूल खेतीतर्फ किसान आकर्षित हुन थालेसँगै कपिलवस्तुमा ड्रागन फ्रुट खेतीले पनि विस्तारको सम्भावना देखाएको छ ।

# रोचक जानकारी

## सौर्यमण्डल र ग्रहहरूको दिनरात र वर्षको रोचक तथ्य



ब्रह्माण्ड अनन्त, रहस्यमय र विशाल छ। यहीको एउटा सानो हिस्सा हाम्रो सौर्यमण्डल हो, जसको केन्द्रीय तारा सूर्य हो । सूर्यमा निरन्तर न्युक्लियर फ्युजन चल्ने भएकाले यसले प्रकाश र ऊर्जा उत्पादन गर्छ। सूर्यको आकार पृथ्वीभन्दा १०९ गुणा ठूलो र तौल ३ लाख ३३ हजार गुणा बढी छ। पृथ्वीबाट यसको दूरी करिब १५ करोड किलोमिटर छ। सूर्य आफैं मिल्कीवे ग्यालेक्सीको परिक्रमा गर्दै २३० मिलियन वर्षमा एक चक्कर पूरा गर्छ। यसको एक दिन २६ पृथ्वी दिन बराबर हुन्छ।

सौर्यमण्डलका ८ ग्रहहरू सबै सूर्यको गुरुत्वाकर्षणमा बाँधिएका छन् । बुध सूर्यको नजिक र सानो ग्रह हो, जहाँ एक वर्ष ८८ दिनको हुन्छ तर एक दिन ५९ पृथ्वी दिनबराबर लामो हुन्छ। शुक्र पृथ्वीको बहिनी भनिए पनि सबैभन्दा तातो ग्रह हो, यसको एक वर्ष २२५ दिनको र एक दिन उल्टो दिशामा घुम्ने भएकाले विशेष हुन्छ। पृथ्वीमा जीवन सम्भव भएको छ, जहाँ एक दिन २४ घण्टा र एक वर्ष ३६५ दिनको हुन्छ।

मंगललाई जीवन खोज्ने अर्को सम्भावित ग्रह मानिन्छ। यहाँ एक वर्ष ६८७ दिन र एक दिन २४ घण्टा ३७ मिनेट हुन्छ। यससँग दुई साना चन्द्रमा छन्। ग्यासीय विशाल ग्रह बृहस्पतिमा एक वर्ष १२ पृथ्वी वर्षबराबर हुन्छ भने एक दिन ९ घण्टा ५६ मिनेटको मात्र हुन्छ। यससँग ९५ चन्द्रमा छन्। शनि ग्रह सुन्दर रिङसहित ८३ चन्द्रमा भएको ग्रह हो, जहाँ एक वर्ष २९ पृथ्वी वर्ष बराबर हुन्छ।

अरुण (युरेनस) सूर्यको वरिपरि एक चक्कर लगाउन ८४ वर्ष लिन्छ भने एक दिन १७ घण्टा लामो हुन्छ। वरुण (नेप्चुन) मा एक वर्ष १६५ पृथ्वी वर्ष बराबर हुन्छ र एक दिन १६ घण्टाको हुन्छ। पहिले नवौं ग्रह मानिएको प्लुटो हाल बामन ग्रहको सूचीमा छ। यसले सूर्यलाई एक चक्कर लगाउन २४८ वर्ष लिन्छ भने यसको एक दिन १५३ घण्टाबराबर हुन्छ।

# बाढीपीडितका लागि हिसान सुनसरीको ५६ लाख २८ हजार सहयोग



सुनसरी । उच्च शिक्षालय तथा माध्यमिक विद्यालय संघ नेपाल (हिसान) सुनसरीले बाढी तथा डुबानबाट प्रभावित नागरिकका लागि ५६ लाख २८ हजार ६ सय ५२ रुपैयाँ सहयोग गर्ने भएको छ । हिसान सुनसरीले आफ्ना मातहतका शिक्षालय, शिक्षक तथा विद्यार्थीबाट संकलन गरेको रकम प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गरेको छ ।

हिसान सुनसरीले बुधबार पत्रकार सम्मेलन गर्दै इटहरी, धरान तथा रामधुनी-इनरुवा क्लस्टरमा रहेका शिक्षालयबाट उक्त रकम संकलन भएको जानकारी दिएको हो । संकलित रकम विपद् प्रभावित क्षेत्रमा राहत तथा पुन:स्थापनाका लागि प्रयोग हुने हिसान सुनसरीका अध्यक्ष सागर भट्टराईले बताए ।

कुल रकममध्ये इटहरी क्लस्टरबाट ५२ लाख ९३ हजार ६ सय ४२ रुपैयाँ, धरान क्लस्टरबाट १ लाख ६० हजार १० रुपैयाँ र रामधुनी-इनरुवा क्लस्टरबाट १ लाख ७५ हजार रुपैयाँ संकलन भएको छ ।

इटहरी क्लस्टरमा विश्व आदर्श एकेडेमीले सबैभन्दा बढी १२ लाख ५५ हजार रुपैयाँ सहयोग गरेको छ । सुष्मा सेकेन्डरी स्कुल एन्ड कलेजले ११ लाख २९ हजार ७ सय ५५, ग्रीन पिस/इटहरी नमुना कलेजले ८ लाख ५५ हजार ५ सय ५५ तथा कस्तुरी कलेजले ८ लाख १५ हजार ५ सय ५५ रुपैयाँ सहयोग गरेका छन् ।

त्यस्तै कोशी सेन्ट जेम्स कलेजले ५ लाख ५० हजार, प्रिमियर कलेजले ३ लाख, लर्ड बुद्ध इन्टरनेसनल स्कुलले १ लाख ५५ हजार, पूर्वाञ्चल सेकेन्डरी स्कुलले १ लाख १५ हजार तथा सीबी रेस सेकेन्डरी स्कुलले १ लाख ११ हजार १ सय ११ रुपैयाँ सहयोग गरेका छन् ।

धरान क्लस्टरअन्तर्गत धरान सेकेन्डरी स्कुलले ७५ हजार रुपैयाँ सहयोग गरेको छ । सुनाखरी एकेडेमीले २० हजार १०, धरान आदर्श सेकेन्डरी स्कुल र सियोन इन्टरनेसनल स्कुलले २०(२० हजार, विष्णु मेमोरियल स्कुलले १५ हजार तथा युरेका रेसिडेन्सियल सेकेन्डरी स्कुलले १० हजार रुपैयाँ सहयोग गरेका छन् ।

रामधुनी(इनरुवा क्लस्टरबाट लर्ड बुद्ध इन्टरनेसनल स्कुलले १ लाख ५५ हजार र आरम्भ विद्या मन्दिरले २० हजार रुपैयाँ सहयोग गरेको हिसानले जनाएको छ ।

बाढी तथा डुबानबाट प्रभावित परिवारलाई तत्काल राहत तथा पुन:स्थापनामा सहयोग पुऱ्याउने उद्देश्यले रकम संकलन गरिएको हिसान सुनसरीले जनाएको छ। शिक्षालय, शिक्षक र विद्यार्थीको सहभागितामा संकलित रकम सरकारी राहत कोषमार्फत विपद् प्रभावित क्षेत्रमा पुऱ्याउने तयारी गरिएको हो ।

यसअघि पनि विभिन्न संघसंस्था तथा शैक्षिक प्रतिष्ठानले भोटेकोशीसहितका बाढी प्रभावितका लागि सहयोग घोषणा गर्दै आएका छन् । हिसान सुनसरीले पनि शैक्षिक क्षेत्रलाई सामाजिक उत्तरदायित्वसँग जोड्दै विपद्मा परेका नागरिकलाई सहयोग गर्न रकम संकलन गरिएको जनाएको छ ।

# ज्येष्ठ नागरिकलाई सम्मान



दमक/ ज्येष्ठ नागरिक सम्मान प्रतिष्ठान नेपाल शाखा समिति दमक(८ ले नवौ साधारण र ज्येष्ठ पिता सम्मान कार्यक्रम एक भव्य कार्यक्रमका बिच सम्पन्न गरेको छ ।

दमक (८ मा बसोबास गर्ने १० जना ज्येष्ठ नागरिकलाई ज्येष्ठ पिताको रुपमा सम्मान गरिएको हो । सम्मानित हुने ज्येष्ठ पिताहरुमा पुर्णप्रसाद खतिवडा, प्रेमप्रसाद ओली,यामनाथ कोईराला, अर्जुनप्रसाद प्रसाई, त्रैलोक्य रिजाल, प्रल्हाद पौडेल, कृपेश सुब्बा, बिष्णुप्रसाद सङ्जेल, होमबहादुर कार्की र नरेन्द्र दहाल रहेका छन् ।

सम्मानित हुनेहरुलाई प्रमुख अतिथि दमक न पा वडा न ८ का वडा अध्यक्ष धर्मप्रसाद दहाल, बिशिष्ठ अतिथि वडा सदस्य हरिमाया चुडाल, जेष्ठ नागरिक प्रतिष्ठानका केन्दिय अध्यक्ष दुर्गाप्रसाद पौडेल, केन्दिय सल्लाहाकार सह संयोजक डोयना दहाल, शाखा समितिका अध्यक्ष ओमप्रसाद खनाल लगायतले माला दोसल्ला र प्रमाण पत्रले सम्मान गरेका थिए । साथै यातायात खर्च बापत जनही एकहजारका दरले नगद समेत उपलब्ध गराईएको थियो ।

# साहित्य कला संगमको रचना वाचन



दमक/ साहित्यिक कार्यक्रमहरु सञ्चालन गर्दै आएको साहित्य कला संगम दमकले एक कार्यक्रमका बिच सिर्जनशिल रचना वाचनको ६५ औं श्रृंखला भव्यताका साथ सम्पन्न गरेको छ ।

साहित्यकला सङगमका उपाध्यक्षहरु यादवप्रसाद अधिकारी झाक्रिखोले र दुर्गा खनाल काफ्ले, महासचिव ओमप्रसाद खनाल, सचिव बिरेन्द्र खड्का, सह सचिव मेघनाथ बन्धु, कोषाध्यक्ष नेत्रप्रसाद अधिकारी, सदस्य बिबेक दुलाल क्षेत्री र सष्टाहरु किशोर खनाल, खड्ग बहादुर खड्का, यादवप्रसाद नेपाल, हरि पराजुली, गोपाल दहाल, पदमप्रसाद ओली, भक्ता देवी दहाल, लिलान्स भण्डारी, जगत बन्धु दहाल, त्रिलोचन उप्रेती लगायतले रचना बाचन गरेका थिए ।

कार्यक्रममा सहभागी सबै स्रष्टाहरु, प्रमुख अतिथि र अतिथिहरुले पनि रचना वाचन गरेका थिए । साहित्य कला सङगमका उपाध्यक्ष यादवप्रसाद अधिकारी झाक्रिखोलेले स्वागत मन्तव्य राखेको कार्यक्रमको सन्चालन साहित्य कला संगमका महासचिव ओमप्रसाद खनालले गरेका थिए । कार्यक्रममा पहिलो पटक आउने स्रष्टाहरु भुमिका चापागाई, लक्ष्मी न्यौपाने र जयप्रसाद संग्रौलालाई खादा ओडाएर सम्मान समेत गरिएको थियो ।

साहित्य कला संगम दमकका अध्यक्ष बिन्दु दहाल मुकदर्शक को अध्यक्षतामा र कवि तथा साहित्यकार डा.खगेन्द्र प्रसाद दहालको प्रमुख आतिथ्यतामा भएको उक्त कार्यक्रममा दमक प्रज्ञा प्रतिष्ठानका पूर्व अध्यक्ष हेमनाथ अधिकारी, साहित्य कला संगमका पूर्व अध्यक्ष नरपति पाण्डे, मिक्लाजुङ साहित्य समाजका अध्यक्ष ईन्द्र धिमीरे, प्रतिभा निकेतनका अध्यक्ष कमलराज भट्टराई, साहित्यकार मुक्ति तिम्सिना लगायतको बिशिष्ठ आतिथ्यता रहेको थियो ।

# बाढी प्रभावित क्षेत्रमा नेपाल टेलिकमका ११० साइट सञ्चालन

दमक/ नेपाल टेलिकमले बाढी प्रभावित रसुवा, धादिङ र नुवाकोटका थप चार मोबाइल साइट सञ्चालनमा ल्याएको छ । टेलिकमले सोमबार रसुवाको जिबजिबे र सरमथली, धादिङको बेनीघाट तथा नुवाकोटको त्रिशूली बजार साइट सञ्चालनमा ल्याएको हो । यससँगै बाढीबाट प्रभावित १२० साइटमध्ये ११० साइट सुचारू भएका छन् ।

जिबजिबे र सरमथली टावर सञ्चालनमा आएसँगै आसपासका विभिन्न क्षेत्रका सेवाग्राही लाभान्वित हुनेछन् भने बेनीघाट र त्रिशूली साइटबाट बजार तथा आसपासका क्षेत्रमा सञ्चार सेवा सहज हुने टेलिकमले जनाएको छ ।

## पुस्तक-साभार



# राष्ट्रवादको आलोकमा राजा महेन्द्रको डायरी

✍ युवराज गौतम




## मानदेवदेखि महेन्द्रसम्म

क्रमागत...'लिच्छवि संस्कृत्ति' ग्रन्थमा जगदीशचन्द्र रेग्मीले र लिच्छविकालक अभिलेख' ग्रन्थमा धनवज्र बज्राचार्यले राजा मानदेव प्रतापी, कुशल सुयोग्य थिए भनेका छन् ।

चाँगुनारायणको प्राचीन अभिलेखमा वृषदेवका पनाति, शंकरदेवका नाति धर्मदेवका सुपुत्र मानदेव परिपक्व, सुयोग्य, धार्मिक र न्यायप्रेमी थिए भनिएक छ।

नेपालमा मुद्रा चलाउने मानदेवले श्रीमानांक मुद्रा चलाएका थिए। एकचालीस वर्ष शासन गरेका मानदेवले मुद्रा चलाउँदा एसिया र युरोपका थोरै राष्ट्रमा मात्र आˆ नै मुद्रा थियो । उनले विक्रम सम्वत् ६३३ देखि मुद्रा चलाएको पाइन्छ ।

गोपाल, महिषपालले र किराती शासकका कुनै मुद्रा पाइएको छैन। तसर्थ इतिहासकारहरूले मानदेव नै प्रथम प्रामाणिक राजा हुन भनेका छन्। टक (मुद्रा) चलाउनेलाई 'राजा' मान्छन्, इतिहासकारहरु । 'श्रीमानांक' मुद्रा चलाउने मानदेवलाई प्रथम राजा मान्नुपर्ने बलियो आधार त्यही हो।

गोपाल वंशका भुक्तमान (भूमिगुप्त), आभीर (महिषपाल) वंशका वरसिंह किराँत वंशका यलम्बर, मल्ल वंशका अरिमल्ल, ललितपुरका प्रथम राजा रण मल्ल, भक्तपुरका राय मल्ल, खसराज्यका नागराज मल्ल, जुम्लाका बलिराज शाही, पाल्पाका रूद्र सेन, अछामका देवचन्द्र शाह र गोरखाका प्रथम राजा द्रव्य शाहमध्ये द्रव्य शाह वि.सं. १६१६ मा राजा भएका थिए शाहवंशका कुलमण्डन खाँड (शाह) सो वंशकै प्रथम राजा हुन्। इतिहासले देश र जनताको हितमा धेरै काम गर्नेहरूलाई महत्व दिने भएकाले मानदेव जस्तै राजा महेन्द्रलाई साहसी, प्रतापी र योग्य मानेको पाइन्छ।

राजा महेन्द्रका पुर्खा राजा रामशाहको दरवारमा भूटानका देवराजा (राजगुरू) शाबदुङ ङ्वाङ नामग्याल लामाहरूको समूह लिएर पुगेको र राम शाहले विशन थापा मगर लगायतका युवकहरूलाई बसोबास गर्न भुटान पठाएको इतिहास रोचक छ । पहिलोपल्ट विशन, उनकी पत्नी र छोराछोरी सहित पचास-साठी जनालाई भूटान (भोटको अन्तिम सिमाना भोटान्त, भोटाङ र भुउत्थान) लगिएको इतिहासमा पाइन्छ । भारतमा विदेशीको शासन हुँदा पनि हिमवत्खण्ड स्वाधीन थियो र गोरखा नेपाली कूटनीतिको प्राचीन स्कूल थियो भन्ने यसबाट पुष्टि हुन्छ। सयौं वर्षको इतिहास छोपेर नेपालको इतिहासको प्रस्थानविन्दु आˆ नु भएको दावी गर्नेहरूका कारण इतिहासको अपव्याख्या भइरहेको छ।

गोरखा दरवारमा राजगद्दीको उत्तराधिकारी (सुपुत्र) पैदा नहुँदा राम शाहदेखि नरभूपाल शाहसम्मले भूटानका सुयोग्य धर्मगुरू र तान्त्रिकहरूलाई दरवारमा निमन्त्रणा गरेर यज्ञ, होम, अनेक जप र पूजा-अर्चना गराइएपछि ती राजाहरूलाई पुत्रलाभ भएको थियो। ऊबेला यातायातका साधन नहुँदा मानिसहरूले तिनलाई महिनौ दिनसम्म हिमालपारिको बाटोबाट तामदान र उलिनकाठमा बोकेर ल्याउनु र लैजानुपर्ने बाध्यता थियो ।

तिब्बती भिक्षु शाबदुङ ङ्वाङले भूटान (भोटाङ) पुगेर त्यहाँका जनतालाई धर्म, न्याय, परम्परा र संस्कृतिको शिक्षा दिन थालेपछि जनताले उनैलाई राजा बनाए । उनलाई धर्मरक्षक (धर्मराजा) मानेर जनताले राष्ट्रनायकको सम्मान दिए। राम शाहको दरवारमा पाहुना बनेका ती राजा नेपाल भ्रमणमा आउने पहिलो राष्ट्राध्यक्ष हुन् भन्ने प्रमाण पाइन्छ ।

राजा मानदेवदेखि राजा महेन्द्रसम्मको लामो कालखण्ड राष्ट्र निर्माणको इतिहाससँग गाँसिएको छ । पृथ्वीनारायण शाहले कालीगण्डकी पश्चिम र पूर्वका 'बाइसे चौबीसे' राज्यलाई नेपालको मानचित्रमा समेटेपछि एकीकरणको नवीन अध्याय सुरू भयो । अनेक आरोह-अवरोह भोग्यो देशले । घात, प्रतिघात, षड्यन्त्र, बेथिति र प्रपञ्चले धेरै वर्ष अलमलियो देश । त्यही बीचमा ब्रिटिस (अंग्रेज) फौजसँग युद्ध गर्दा नेपालले पराजय भोग्नुपरेको पीडा इतिहासमा विम्बित छ । क्रमश:...

## स्वास्थ्य

# किन बच्चाहरू ढिलो बोल्छन् ?



सामान्यतया बालबालिकाले ५(६ महिनादेखि नै बोल्न सुरु गर्छन् । तर कसैको बच्चा २(३ वर्षसम्म पनि बोल्दैनन् भने यो स्वाभाविक होइन । बालरोग विशेषज्ञ डा. बाबुराम पाण्डेका अनुसार बच्चाले ६ महिनाबाट नै 'मा', 'बा' जस्ता शब्द बोल्न सुरु गर्छन् । एक वर्षको उमेरबाट भने आमा, बाबा जस्ता एउटा पूरा शब्द बोल्न थाल्छन् ।

यदि बच्चाहरूमा यो प्रक्रिया अनुसार बोलीको विकास नभएमा बालरोग विशेषज्ञलाई भेट्नुपर्ने उनी बताउँछन् । यद्यपि, समयपूर्व जन्म भएका बच्चा, कानको संक्रमण, श्रवण क्षमता कमजोर, बढी स्क्रिन टाइम, अटिजम जस्ता समस्या भएका बच्चाहरू समयमा नै बोल्दैनन् ।

पारिवारिक वातावरण, पर्याप्त कुराकानीको कमी वा पोषणको कमीले पनि बोलीमा ढिलाइ गराउन सक्ने बालरोग विशेषज्ञहरू बताउँछन् ।

**बच्चा ढिलो बोल्नुका कारणहरु:**

सुनाइमा समस्या: बच्चाले नसुनेमा बोल्न सिक्न सक्दैन, त्यसैले पहिलो कारण सुनाइ परीक्षण हो ।

अटिजम: यो एक न्युरोलोजिकल अवस्था हो जसले सञ्चार र सामाजिक अन्तरक्रियामा असर गर्छ ।

वातावरणीय कारण: संयुक्त परिवारको तुलनामा सानो परिवारमा कम कुराकानी हुने भएकाले पनि ढिलो बोल्ने समस्या देखिन सक्छ ।




## मनोरञ्जन

# "अक्षरा"ले आम्दानीको १० प्रतिशत दैवीप्रकोप उद्धार कोषमा दिने




दमक/ फिल्म 'अक्षरा'ले सार्वजनिक प्रदर्शनबाट हलमार्फत प्राप्त हुने रकमको १० प्रतिशत प्रधानमन्त्री दैवीप्रकोप उद्धार कोषमा जम्मा गर्ने भएको छ । शुक्रबार फिल्मको ट्रेलर सार्वजनिक गर्दै निर्माण पक्षले यस्तो घोषणा गरेको हो ।


भदौ २६ गतेदेखि देशव्यापी प्रदर्शनमा आउन लागेको 'अक्षरा'ले मनोरञ्जनसँगै सामाजिक विषयलाई प्राथमिकतामा राखेको निर्माण पक्षको दाबी छ । फिल्मले अभिभावकले छोरीको इच्छा र चाहनाविपरीत खान्दानी परिवारको केटासँग जबर्जस्ती विवाह गरिदिँदा उत्पन्न हुने पारिवारिक समस्या र त्यसले समाजमा पार्ने प्रभावलाई कथाको मुख्य विषय बनाएको छ ।

सार्वजनिक ट्रेलरमा नेपाली समाजमा अझै विद्यमान जबर्जस्ती विवाह, पारिवारिक दबाब र त्यसबाट सिर्जना हुने मानसिक तथा सामाजिक समस्यालाई मार्मिक ढंगले प्रस्तुत गरिएको छ । सन्देशमूलक कथावस्तुमा आधारित फिल्मले दर्शकलाई मनोरञ्जनसँगै सामाजिक सोचमा समेत प्रश्न उठाउने अपेक्षा गरिएको छ ।

विनयराज पौडेलको निर्देशनमा बनेको फिल्ममा सुशील सिटौला र न्यान्सी खड्का मुख्य भूमिकामा छन् । उनीहरूसँगै सुशील पोखरेल, अंशु महर्जन, पुष्कर राउत, रिस्ता अधिकारी, उत्तम केसी, गीता अधिकारी, वीरेन्द्र कुशवाह, सृजना अधिकारी, मोहन अधिकारी, सुमन ज्योति न्यौपाने (ल्याग्री दादा) र सृष्टि खड्काको अभिनय छ । बालकलाकारका रूपमा रोनक खड्का र प्रीसा ढुंगाना रहेका छन् ।

## दैनिक राशिफल

आज मिति २०८३ साल भदौ २२ गते सोमबार
7 Sept. 2026
तिथि: एकादशी



ज्यो. लक्ष्मी प्र. ढकाल
ठेगाना: क्याम्पस मोड, सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि: ९८६७३१०८८२/९८१७००५१६५

| राशि | अक्षर | फल |
|---|---|---|
| मेष | चु चे लो ला लि लँ ले लो अ | पराक्रमले धन लाभ । मित्रबाट सहयोग । |
| वृष | इ उ ए ओ वा वि वु वे वो | मनमा अशान्ति । सामान्य लाभ । |
| मिथुन | का कि कु घ ङ छ के को हा | असल खाना । पढाईमा रूचि । |
| कर्कट | हि हु हे हो डा डि डु डे डो | शत्रुको भय । खर्च बढ्ने । |
| सिंह | मा मि मु मे मो टा टि टु टे | राज्यपक्षबाट सहयोग । आम्दानीमा बृद्धि |
| कन्या | टो प पी पँ ष ण ठ पे पो | शरीरमा समस्या । अकस्मात केही लाभ । |
| तुला | रा री रु रे रो ता ती तु ते | पारिवारिक समस्या । खर्च बढ्ने । |
| वृश्चिक | तो ना नि नँ ने नो या यि यु | पेटमा समस्या । आम्दानीमा कमी । |
| धनु | य यो भा भी भ धा फा ढ भे | व्यापारबाट लाभ । प्रेममा सुधार । |
| मकर | भो जा जी खि खू खे खो गा गी | समाजबाट सहयोग । शत्रु परास्त । |
| कुम्भ | गँ गे गो सा सी सँ से सो द | शिक्षामा बाधा । सन्तानबाट सहयोग । |
| मीन | दि दु थ झ ञ दे दो चा ची | घरायसी समस्या । आम्दानीमा ह्रास । |

# थुलुङसहित १० जनालाई सम्मान

**झापा/** दमककी दन्त चिकित्सक डा. सोफिया थुलुङ राई झापाको बिर्तामोडमा सम्मानित भएकी छन् । किरात राई यायोक्खाले आफनो आफनो नवौं जिल्ला अधिवेशन उद्घाटनका अवसरमा शनिवार उनीसहित विभिन्न क्षेत्रका १० जना अग्रजहरूलाई सम्मान गरेको हो । चिकित्सा क्षेत्रमा रहेर समाजमा किराँत राई समुदायको प्रतिष्ठा उचो बनाएको ठहर गर्दै डा. थुलुङलाई सम्मान गरिएको हो । दमक थुलुङ डेन्टलकी सञ्चालिका समेत रहेकी उनी स्व. डा. सहदेव थुलुङकी सुपुत्री हुन् ।



सोहि अवसरमा पत्रकारिता क्षेत्रमा क्रियाशील अर्जुनधारा निवासी दिपीन राई र झापाका विभिन्न सरकारी कार्यालयमा अधिकृत तहमा कार्यरत आठ जनालाई पनि प्रशंसापत्रसहित सम्मान गरिएको छ । यसरी सम्मानित हुनेहरूमा जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाका प्रमुख सन्तोष राई, अर्जुनधारा नगरपालिकाको पशु शाखा प्रमुख पदमलाल राई, कनकाई नगरपालिकाको योजना शाखा प्रमुख मनिता राई, मेची यातायात व्यवस्था कार्यालयकी लेखा अधिकृत तीर्थमाया राई र कृषि विकास बैंक गौरादह शाखाका प्रमुख विकास राई छन् ।

त्यस्तै काँकरभिट्टा भन्सार कार्यालयका प्रमुख महङकल राई, खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडको मुख्य शाखा कार्यालय बिर्तामोडका प्रमुख राजबहादुर राई र प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालयका प्रमुख निशान राईलाई पनि प्रशंसापत्र प्रदान गरिएको छ ।

किराँत राई यायोक्खाका केन्द्रीय अध्यक्ष जीवन हाताचो राईको प्रमुख आतिथ्य र यायोक्खा झापाका अध्यक्ष गणेशबहादुर राईको सभापतित्वमा भएको कार्यक्रममा यायोक्खा कोशी प्रदेश अध्यक्ष पारसमणी राई, राजनीतिक दलका तर्फबाट मणिकुमार साम्पाङ राई (विजय), सल्लाहकारका तर्फबाट दिलिप राई, आदिवासी जनजाति महासंघ झापाका पूर्वअध्यक्ष प्रेम घिसिङ र किरात याक्थुम चुम्लुङका अध्यक्ष सेसेहाङ फियाकलगायतले शुभकामना मन्तव्य राखेका थिए ।

---

**गगन....**पनि आफू तयार रहेको उनले स्पष्ट पारे। जवाफमा नेता थापाले आफू पनि पार्टी एकताकै पक्षमा अडिग रहेको बताए ।

साथै, उनीहरुबिच गत २०८३ भदौ १० गते नेपाल-चीन सिमाना रसुवामा आएको विनाशकारी बाढी र त्यसपछि रसुवा, नुवाकोट र धादिङको पछिल्लो अवस्थाका बारेमा पनि गम्भीर छलफल भएको छ । बाढीपछिको जनजीवन र राहतका विषयमा नेताद्वयले चासो व्यक्त गरे । डा.शेखर कोइरालाका स्वकीय सचिव दिनेशचन्द्र थपलियाका अनुसार सो भेटघाटमा पार्टीको आगामी कार्यदिशा र विपद् व्यवस्थापनका विषयमा समेत कुराकानी भएको जानकारी दिइएको छ ।

**प्रधानमन्त्री....**मुद्दा स्थापित गर्ने दबाब छ । संयुक्त राष्ट्रसंघको औपचारिक अधिवेशन ८ सेप्टेम्बरमा सुरु भए पनि उच्चस्तरीय बहस २२ सेप्टेम्बरदेखि २८ सेप्टेम्बर २०२६ सम्म चल्नेछ । त्यही समयमा वालेन्द्रले सम्बोधनको अवसर पाउनेछन् ।

**सरकारको.....**पार्टीले पनि बाढी प्रभावितका लागि आ-आफ्नो स्थानबाट आर्थिक र भौतिक सहयोगको काम गरिरहेको जनाएका छन् । भदौ १० गते आएको बाढीबाट आइतबार दिउँसो सम्म एक हजार ३४१ जनाको शव भेटिएको छ भने ४ हजार ९९६ जना बेपत्ताको तथ्याङ्क रहेको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले जनाएको छ । विपदपछि सरकारले प्रभावित जिल्लामा २१ हजार बढी सुरक्षाकर्मी परिचालन गरेर १३ हजार १०४ जनाको उद्धार गरेको दाबी गरेको छ ।

चीनको तिब्बत हुँदै रसुवाको भोटेकोशी र त्रिशुलीमा आएको विनाशकारी बाढी (विपद्)पछि सिंगो देश शोकमा डुबेको छ । अनपेक्षित र कहालीलाग्दो विपदबाट उठ्न सरकार र सरकारी संयन्त्रका साथै मुलुकका प्रमुख राजनीतिक दल, विभिन्न संघ संगठन र सहयोगी मनहरू रसुवा, नुवाकोट, धादिङ, गोरखा र चितवन लगायतका क्षेत्रका प्रभावित बासिन्दाको घाउँमा मलम लगाउने प्रयत्नमा सक्रिय छन् ।

खोज, उद्धार, राहत र पुनर्स्थापनालाई प्राथमिकता दिएका कतिपय राजनीतिक पार्टीहरूले जिम्मेवारी नै तोकेर नेता-कार्यकर्तासहितको जनशक्ति फिल्डमा काम गरिरहेको बताएका छन् ।

### केन्द्रदेखि स्थानीय तहसम्मै नेकपाको टोली सक्रिय

नेपाली कम्युनिस्ट पार्टी (नेकपा)ले बाढीपछि सरकारसँगको समन्वयमा खोज, उद्धार तथा राहतको कामलाई तीव्रता दिएको नेता प्रकाश ज्वालाले जानकारी दिए ।

'सरकारसँगको समन्वयमा पहिलो चरणमा हामीले खोज, उद्धार र राहतको काम गरेका छौँ', प्रवक्ता ज्वालाले रातोपाटीलाई भने, 'खोजी, उद्धार र राहतको काम सकिएपछि पुनर्स्थापनको काममा केन्द्रित हुनुपर्छ भनेर सरकारको समेत ध्यानाकर्षण गराइरहेका छौँ ।'

नेकपाले पार्टीका तर्फबाट विपदमा समग्र समन्वय र जनशक्ति परिचालन गर्न लागि नेता डा. गंगालाल तुलाधरको नेतृत्वमा 'खोज, उद्धार र राहत परिचालन समन्वय समिति' नै बनाएर काम गरिरहेको जनाएको छ ।

त्यस्तै जनवर्गीय संगठन युवा, विद्यार्थी, महिला उद्धारमा सहयोग गर्ने र राहत संकलन तथा वितरण गर्न केन्द्रित भएको नेकपाले जनाएको छ । त्यस्तै केन्द्रीय कार्यालयमा विपद् व्यवस्थापन डेस्क नै स्थापना गरेर सबैसँग को-अर्डिनेसन गर्ने काम गरिरहेको प्रवक्ता ज्वालाको भनाइ छ ।

नेकपाको जनवर्गीय संगठन वाईसीएल नेपालका केन्द्रीय अध्यक्ष पुष्प ओलीका अनुसार जिल्ला प्रशासन, सुरक्षा निकाय तथा स्थानीय तहसँग समन्वय गरी बेपत्ताको खोजी, घाइतेको उद्धार तथा उपचार र प्रभावित परिवारलाई राहत उपलब्ध गराउने कार्यमा वाईसीएल परिचालन भएको छ ।

### बाढी प्रभावितका लागि के गर्दैछ कांग्रेस ?

बाढीपछि नेपाली कांग्रेसले भ्रातृ संघ संगठन तरुण दल, नेपाली विद्यार्थी संघ र ट्रेड युनियनलाई प्रभावित क्षेत्रमा पठाएर सरसफाई र राहत वितरणको कामलाई प्राथमिकता दिएको जनाएको छ । त्यसबाहेक सभापति गगन कुमार थापा आफैं विज्ञसहित नुवाकोट र रसुवा पुगेर पीडित परिवार तथा प्रभावित क्षेत्रमा तत्काल र दीर्घकालमा गर्नुपर्ने कामको बारेमा जानकारी लिएका छन् ।

त्यस्तै स्थानीय नेताबाहेक डा. प्रकाशशरण महत र अन्य नेताहरू समेत फिल्डमा पुगेर त्यहाँको आवश्यकताका बारेमा सोधखोज गरिरहेका छन् । नेपाली कांग्रेस विपद् व्यवस्थापन विज्ञ मनबहादुर थापाका अनुसार कांग्रेसका तर्फबाट झन्डै ५ सय जनशक्ति नुवाकोट र रसुवामा पुगेर सरसफाईसहित राहत प्रदान गर्ने काममा जुटेको छ ।

### नेकपा एमाले पनि सामेल

नेकपा एमालेले प्राकृतिक विपत्तिबाट प्रभावित नागरिकको जीवनरक्षा, तत्काल राहत सामग्री संकलन तथा वितरण, आर्थिक एवं मानवीय सहयोग परिचालन र पुनर्स्थापनाका लागि बाढीपीडित उद्धार, राहत तथा पुनर्स्थापना सहयोग समिति गठन गरी जनसंगठनका मात्रै ५ सय स्वयंसेवक परिचालन गरेको दाबी गरेको छ ।

पहिलो चरणमा प्रभावित क्षेत्रका नागरिकको तत्काल उद्धार, राहत तथा दीर्घकालीन पुनर्स्थापनाका कार्यलाई तीव्रता दिन १ करोड २० लाख रुपैयाँ सहयोग गर्ने घोषणा गरेको एमालेले पीडितहरूलाई प्रत्यक्ष भेटेर सहयोगको काम गरिरहेको छ । एमालेले विपदमा सघीय सरकारसँग समन्वय गर्न पार्टी सचिव डा. राजन भट्टराईलाई जिम्मेवारी दिएको छ । यसैगरी श्रमसंस्कृति पार्टीले पनि आफ्ना कार्यकर्ता वाढी प्रभावित क्षेत्रमा खटाएको छ ।

---

# प्रहरीले भ्यानमा बाँधेर कुटेको भिडियो भाइरल

**भारत/** भारतको गुजरातमा प्रहरीले एक जनालाई बीच सडकमा भ्यानमा बाँधेर निर्घात कुटपिट गरेको भिडियो भाइरल भएको छ । उक्त भिडियोमा प्रहरीले हत्या अभियुक्तलाई सार्वजनिक स्थलमा कुटपिट गरेको देखिन्छ ।

प्रहरीले लिभ-इन पार्टनर काजल बरियाको हत्याको आरोपमा २५ वर्षीय फैजल भनिने खट्की लखानीलाई पक्राउ गरेको थियो । प्रहरीका अनुसार फैजलले सामान्य विवादका क्रममा बरियालाई कुटपिट गरेका थिए । कुटपिटबाट मृगौलामा गम्भीर चोट पुगेपछि उपचारका क्रममा बरियाको मृत्यु भएको थियो ।

प्रहरीका अनुसार फैजलमाथि यसअघि पनि हिंसात्मक घटनामा संलग्न भएको आरोप छ । हालसालै बरियाको सहयोगमा उनी जमानतमा छुटेका थिए । फैजलले बरियालाई अर्को पुरूषसँग सम्बन्ध भएको शंका गरेकाले झगडा भएको र त्यसपछि हिंसात्मक रूप लिएको प्रहरीले जनाएको छ ।

पक्राउपछि प्रहरीले शुक्रबार फैजललाई घटनास्थलमा लगेको थियो । यसै प्रक्रियाका क्रममा अभियुक्तलाई प्रहरीले कुटपिट गरेको भाइरल भिडियोमा देखिएको छ ।

# चन्द्रदर्शन साकोसको साधारणसभा सम्पन्न

**दमक/** झापाको कमल गाउँपालिका-५ स्थित चन्द्रदर्शन बचत तथा ऋण सहकारी संस्था लिमिटेडको १६औं वार्षिक साधारणसभा सम्पन्न भएको छ । संस्थाका अध्यक्ष शेरबहादुर श्रेष्ठको अध्यक्षतामा भएको साधारण सभामा वित्तीय अवस्था, संस्थाको प्रगति तथा सदस्य हितका विषयमा छलफल गरिएको थियो । साधारण सभामा जिल्ला बचत तथा ऋण सहकारी संघ झापाका सचिव विनोद ढकालले प्रशिक्षणमूलक प्रस्तुति दिएका थिए । कार्यक्रममा सञ्चालक समिति, लेखा समिति, विभिन्न उपसमितिका पदाधिकारी तथा सदस्य र शेयर सदस्यको बाक्लो उपस्थिति रहेको संस्थाका व्यवस्थापक रेवत गुरुङले जानकारी दिए । कार्यक्रम सञ्चालन सञ्जयकुमार कुमालले गरेका थिए ।

सभामा प्रस्तुत आर्थिक वर्ष २०८२/८३ को वित्तीय प्रतिवेदनअनुसार संस्थाको शेयर पुँजी १५ हजार ८ सय रुपैयाँले वृद्धि भई २ करोड ७३ लाख ८५ हजार ६ सय रुपैयाँ पुगेको छ । संस्थाको कुल निक्षेप ९ करोड ७५ लाख ८४ हजार ३८ रुपैयाँ र कुल ऋण लगानी ११ करोड ७६ लाख १३ हजार ८ सय ४४ रुपैयाँ रहेको जनाइएको छ ।

त्यस्तै, उक्त आर्थिक वर्षमा संस्थाले १ करोड ४८ लाख ६४ हजार ८ सय ५१ रुपैयाँ कुल आम्दानी गरेको छ। संस्थाको कुल कारोबार भने १६ करोड ७७ लाख ४ हजार ८ सय २८ रुपैयाँ पुगेको कोषाध्यक्ष रणबहादुर बराइलीले जानकारी दिए ।

साधारणसभाको अवसरमा संस्थाको विकास र प्रगतिमा योगदान पुर्‍याउने सदस्यलाई सम्मानसमेत गरिएको थियो । उत्कृष्ट कारोबार गर्ने सदस्य तथा उत्कृष्ट बाल बचतकर्तालाई नगदसहित सम्मानपत्र प्रदान गरिएको थियो ।

त्यसैगरी २०८३ सालको एसईई परीक्षामा उत्कृष्ट अंकसहित उत्तीर्ण भएका शेयर सदस्यका छोराछोरीलाई पनि नगद पुरस्कार तथा प्रोत्साहनपत्र प्रदान गरिएको संस्थाले जनाएको छ।

साधारणसभाले सहकारीको वित्तीय अवस्थासँगै सदस्यको सहभागिता, बचत गर्ने बानी र संस्थाप्रतिको विश्वासलाई थप मजबुत बनाउने विषयमा जोड दिएको थियो । प्रशिक्षणमूलक कार्यक्रममार्फत सदस्यलाई सहकारीसम्बन्धी ज्ञान र वित्तीय अनुशासनबारे जानकारीसमेत दिइएको थियो ।


## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०८३।०५।२१

यस कम्पनीको सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम तथा कम्पनी रजिष्टारको कार्यालयबाट मिति २०८३/०५/१७ मा स्विकृती प्राप्त भई साविक कम्पनी दर्शन बुढासुब्बा यातायात प्रा.लि. (प्रा.लि.न. ३०२७५३।०७९।०८०) को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने ऋण धन, कर दायित्व आदि परिवर्तित नामको खोटाङ दिप्रुङ्ग यातायात प्रा.लि. अंग्रेजीमा Khotang Diprung Yatayat Pvt. Ltd. ले सकार्ने व्यहोर्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।


# प्रशान्ति महिला साकोसको साधारणसभा

**दमक/** दमक-५ मा सञ्चालित प्रशान्ति महिला बचत तथा ऋण सहकारी संस्थाले १४ औं वार्षिक साधारणसभा सम्पन्न गरेको छ । संस्थाकी अध्यक्ष अम्बिका अधिकारीको अध्यक्षतामा मारवाडी सेवा समितिको सभाहलमा उक्त कार्यक्रम सम्पन्न भएको हो ।

सो कार्यक्रमको प्रमुख अतिथि संस्थाका संस्थापक अध्यक्ष तथा खानेपानी सरसफाई उपभोक्ता समिति लेखा संयोजक राधिका ओझा रहेकी थिइन् । उनले संस्थाको हितलाई सर्वोपरि राखेर काम गर्न सबैमा आग्रह गरेकी छन् ।



ऋण उपसमिति संयोजक सीतादेवी दाहाल र लेखा समिति सदस्य गीता अधिकारीले सञ्चालन गरेको सो कार्यक्रममा अध्यक्ष अम्बिका अधिकारीले वार्षिक प्रगति प्रतिवेदन र भावी कार्यक्रम प्रस्तुत गरेकी थिईन । प्रश्तुत प्रतिवेदन अनुसार संस्थामा हालसम्मको बचत दुई करोड बयालिस लाख बहत्तर हजार रहेको छ भने शेयर पुँजी अड्तीस लाख त्रिहत्तर हजार रहेको छ ।

संस्थाले विगतवर्षहरूमा झै यो पटक तीज विशेष कार्यक्रम नगर्ने भएको छ । सो खर्चबाट कटौती गरी संस्थाले ५१ हजार नगद रकम बाढीपिडितहरूलाई सहयोग गर्ने भएको संस्थाकी अध्यक्ष अम्बिका अधिकारीले जानकारी दिइन् । संस्थालाई अमूल्य योगदान पुऱ्याउने व्यक्तित्वहरूलाई सम्मान तथा पुरस्कृत समेत गरिएको थियो । विगत वर्षहरूझै यो वर्षपनि संस्थालाई विभिन्न विधावाट सहयोग पुर्‍याउने तथा उत्कृट बचतकर्ताहरूलाई सम्मान गरिएको ऋण उपसमिति सदस्य शान्ति पौडेल बुढाथोकीले बताइन् ।

संस्थामा ऐछिक बचत, बाल बचत, आवधिक मुद्धती बचत, खुत्रुके बचत, पर्व बचत र छोरी बचत खाता चालु रहेको लेखा समिति सदस्य गायत्रा बरालले जानकारी दिइन् । यस संस्थामा ३ सय ४९ जना शेयर सदस्य आवद्ध रहेको लेखा समिति संयोजक कुशुम कार्कीले जानकारी दिइन् ।

---

**हंसेदुम्से.....**अधिकारीले ४८ मत प्राप्त गरिन् । सहसचिवमा पनि दंगालकै प्यानलका मनोज बस्नेतले ४४ मत प्राप्त गरि विजयी हुदाँ निकटतम प्रतिस्पर्धीहरु चुडेन्द्र कुमार खड्का र टंकप्रसाद सापकोटाले क्रमशः ३९ र ३७ मत प्राप्त गरेका थिए ।

त्यसैगरी, कोषाध्यक्षमा अध्यक्ष दंगालकै प्यानलका मायादेवी कोइराला (सिग्देल) विजयी भईन् । उनले ७० मत प्राप्त गर्दा निकटतम प्रतिस्पर्धी कल्पना राईले ५१ मत प्राप्त गरेकी निर्वाचन समितिका संयोजक गोमा बुढाथोकी प्रसाईले बताईन् ।

लेखा समितिको संयोजकमा ठाकुरप्रसाद लुइँटेल ६४ मत प्राप्त गरी विजयी भए । उनका प्रतिष्पर्धी श्यामप्रसाद आचार्यले ५२ मत प्राप्त गरे । लेखा सदस्यद्धयमा तुलसी सापकोटा (६५) , नविन सिंह खड्का ( ५७) मत ल्याई विजयी भए । उनका प्रतिष्पर्धी युवराज खनाल (५०) र जगतबहादुर श्रेष्ठ ( ५०) प्राप्त गरेका थिए ।

यसैगरी, १ नम्बर ब्लकबाट पदमप्रसाद भटटराई (६५), २ बाट पूर्णवहादुर विष्ट ( निर्विरोध), ३ नम्बर ब्लक महिलातर्फ बाट प्रेमकला ढकाल (८५), टिकादेवी दुलाल (८७) ,३ नम्बर ब्लकबाट पुरूषतर्फ टंकप्रसाद आङदेम्बे (६७), गणेश कुमार राई (६५) र ५ नम्बर ब्लकको महिलातर्फ ९० मत ल्याएर गायत्रीदेवी बस्नेत विजयी भईन् । त्यस्तै, तारा गौतम (७५), पुरूषतर्फ सुरेन्द्र नेम्बाङ (७४), प्रेमकुमार बस्नेत (५८), ६ नम्बर ब्लकबाट पुरूषतर्फ तुलसी पुरी (६३), ७ नम्बर ब्लकबाट दलित महिला उमादेवी विक ( ७६) र पुरूषतर्फ मिलन धिमाल (७०) मत ल्याई सदस्य पदमा निर्वाचित भएको निर्वाचन समितिकी संयोजक बुढाथोकीले बताईन् ।

हंसे दुम्से सामुदायिक वनका करिब १ हजार ९३ घरधुरी उपभोक्ता सदस्यबाट १२६ जना परिषद् सदस्यले निर्वाचन प्रक्रियामा सहभागिता जनाएका थिए ।

यसैगरी, नवनिर्वाचित कार्यसमितिको सम्मानमा यहि भदौं २५ गते निर्वाचित प्रमाणपत्र वितरण तथा सपथग्रहण कार्यक्रम राखिएको निर्वाचन समितिकी संयोजक बुढाथोकीले बताईन् ।


नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
**राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम**
**कार्यक्रम कार्यान्वयन एकाई, तेह्रथुम**
कार्यक्षेत्र : तेह्रथुम/धनकुटा
कोशी प्रदेश, नेपाल

## सूचना ! सूचना !! सूचना !!!

*(प्रथम पटक प्रकाशित मितिः २०८३/०५/१५ गते*

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाइ, तेह्रथुमको आ.व. २०८३/८४ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिलका कार्यक्रमहरु सञ्चालन गर्नका लागी नियमानुसार संस्था दर्ता तथा नवीकरण गरि पान नम्बर लिएको र आ.व २०८२/८३ सम्मको करचुक्ता गरेको इच्छुक कृषक, कृषि फर्म, कृषक समूह तथा कृषि सहकारीका लागी प्रस्ताव आह्वान गरिएको छ ।

इच्छुक आवेदकहरूले आवश्यक कागजातसहित सूचना प्रकाशित मितिले कृषि तथा पशुपन्छी उद्यमशीलता कार्यक्रमको हकमा अनुसूची २ र ३ फारम भरी मिति २०८३ साल असोज ५ गते र जोन विकास कार्यक्रमको हकमा अनुसूची १० फारम भरी मिति २०८३ साल असोज १३ गते सम्म कार्यालय समय भित्र कार्यक्रम कार्यान्वयन एकाइ, तेह्रथुम वा पायक पर्ने जोन प्राविधिक एकाइ, धनकुटा र सिँधुवामा प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल कार्यक्रमः**
१.अलैंची, सुन्तला र तरकारीको उन्नत प्रविधिसहित क्षेत्रफल विस्तार,
२.अलैंची तथा सुन्तलाको बगैंचा सुदृढीकरण,
३.सुधारिएको आधुनिक अलैची भट्टी निर्माण,
४.सिँचाइ पूर्वाधार निर्माण तथा मर्मत सम्भार,
५.अलैंची नर्सरी स्रोत केन्द्र स्थापना,
६.कृषि यान्त्रीकरण सहयोग,
७.चक्लाबन्दीमा आधारित खेती सहयोग कार्यक्रम
८.कृषि तथा पशुपन्छी उद्यमशीलता कार्यक्रम

*विस्तृत जानकारीका लागि कार्यक्रम कार्यान्वयन एकाइ, तेह्रथुमको सूचनापाटी तथा वेबसाइट एवं सम्बन्धित स्थानीय तह र वडा कार्यालयमा प्रकाशित सूचना हेर्नुहुन अनुरोध गरिन्छ ।*

राजीब कुमार पाखीन
नि. वरिष्ठ कृषि अधिकृत



## कर तिर्ने संस्कृतिको विकास गरौ

- कानुनबमोजिम समयमै कर तिरी जिम्मेवार नागरिक बनौं,
- प्रत्येक खरिद-बिक्रीमा अनिवार्य रुपमा बिल-बिजक लिऔं र दिऔं,
- कर छली तथा अवैध कारोबारलाई निरुत्साहित गरौं,
- डिजिटल माध्यमबाट भुक्तानी गरी सेवा सहज बनाऔं,
- करदाताका अधिकार र कर्तव्यबारे सचेत बनौं,
- पारदर्शी, इमानदार र जिम्मेवार कर संस्कृतिको विकास गरौं,
- करबाट संकलित राजस्व राष्ट्रको विकास र सार्वजनिक सेवामा उपयोग हुने हुँदा राष्ट्र निर्माणमा सहभागि बनौं।

*कर तिर्नु नागरिकको दायित्व र राष्ट्रप्रतिको योगदान हो ।*

नेपाल सरकार
विज्ञापन बोर्ड



अत्याधुनिक प्रविधिद्वारा उत्पादित
नयाँ झापाली इटा
बजारमा
झापाली इटा
झापाली इटा
ठूलो साइजको ईटा उपलब्ध छ ।
सम्पर्कका लागिः
भगवान बस्नेत : ९८५२६७००३१
उद्योग सम्पर्क : ९८०१४०१४४२


◆ प्रधान सम्पादक/प्रकाशकः गज्जबहादुर दाहाल, ◆ कार्यकारी सम्पादकः खगेन्द्र कार्की ◆ सहसम्पादकः विमल लामिछाने ◆ बजार व्यवस्थापकः केशव खनाल ◆ लेआउटः सुरेन बस्नेत
कार्यालयः दमक-५, झापा, फोनः ०२३-५७०२७२, मुद्रणः ज्योति अफसेट प्रेस, E-mail:purbasandesh@yahoo.com